# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## घरपझोङ गाउँपालिका

### मुस्ताङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## घरपझोङ गाउँपालिका

मुस्ताङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## घरपझोङ गाउँपालिका

मुस्ताङ

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण निर्देशनालय गण्डकी

पत्र संख्या: २०७९।८०
च.नं. ७५

मिति: २०७९।१२।२९

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
घरपझोङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, मुस्ताङ।

**कैफियत सहितको राय**

हामीले घरपझोङ गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू २ करोड ९७ लाख ६१ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु ९४ हजार फर्स्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ८६ लाख ७ हजार, प्रमाण पेश गर्नुपर्ने रु १ करोड ८७ लाख र नियमित गर्नुपर्ने रु २३ लाख ६० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ५ करोड २ लाख ७५ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष रु ४६ लाख ८७ हजार संपरीक्षण भई हालसम्मको अद्यावधिक बेरुजू रु ७ करोड ५२ लाख ५५ हजार रहेको छ । गाँउपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

# १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४६ | ३३ | २९७६१ | ० | २ | ९४ | ४६ | ३१ | २९६६७ | ८६०७ | २३६० | १८७०० | ० | ० | २१०६० | ० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ६५ | करार सुविधा र स्थानिय भत्ताको प्रमाण पेश गर्नुपर्ने | ७३८०० |
| २ | २१ | राजस्व संचित कोषमा दाखिला गर्नुपर्ने | २०६७५ |
| | | जम्मा | ९४४७५ |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| घरपझोङ गाँउपालिपका | ५०२७५ | ० | ४६८७ | ४५५८८ | ० | २९६६७ | ७५२५५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान: घरपझोङ गाउँपालिका, मुस्ताङ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | गौरी प्रसाद आचार्य | २०७९-११-१९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | आशिष भण्डारी | २०७८-१-२ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २९,६६६,५२७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७,३९,०२,५२७.०९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २२,९८,६४,००० | **चालु खर्च** | १३,२९,७५,८९१.५६ |
| **प्रदेश सरकारबाट अनुदान** | २,४०,९९,००० | **पूँजीगत खर्च** | ९,५४,८०,८१०.५९ |
| **राजश्व बाँडफाँट** | ३,४२,२९,२५२.८८ | **वित्तीय/अन्य व्यवस्था** | ७,४२,०६,०४७.११ |
| **आन्तरिक आय** | ९१,२२,२७६.४५ | | |
| **अन्य आय** | ४,७१,४८,३४१.९३ | | |
| **कुल आय** | ३४,४४,६२,८७१.२६ | **कुल खर्च** | ३०,२६,६२,७४९.२६ |
| **बाँकी मौज्दात** | | ११,५७,०२,६४९.१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना २०७९ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक विवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड, मार्गदर्शन, असल अभ्यास समेतलाई आधार मानी नमूना छनौट (Sampling) का आधारमा गाउँपालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेबारी परीक्षणको निष्कर्ष सहित प्रतिबेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको जिम्मेबारी व्यवस्थापन पक्षमा रहने छ । स्रेस्ताको जोडजम्मा तर्फ कार्यालयले गरेको जोडजम्मालाई आधार लिइएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरू निम्नानुसार छनः- | |
| २ | | | **लेखापरीक्षणको क्रममा संघीय र प्रदेश सशर्त अनुदानतर्फ खर्च नभई बाँकी रहेको रु.७६,९८,८२८।० बढी भुक्तानी भएको रु. ६३,०९३/- समेत रु. ७७,६१,९२१/- असुल भई सञ्चित कोष दाखिला भएको भौचर प्राप्त भएको छ ।** | |
| ३ | | | **परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २४ सभा सदस्य, ३१६ वर्ग किलोमिटर क्षेत्रफल तथा ३१८४ जनसंख्या रहेको छ । | |
| ४ | | | **आर्थिक कारोवारको स्थिती:**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत समावेश गरी स्थानीय सरकारले पेश गरेको आर्थिक वर्ष २०७८/७९ को वित्तीय कारोबारको स्थिती देहाय बमोजिम रहेको छः- | |

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम रु. | सि.नं. | विवरण | रकम रु. |
| १ | गत वर्षकोरकम | . | १ | गाउँपालिकाचालु खर्च | ४५२१२०५५.५६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | संचितकोषमा अ.ल्या रकम | ५९९८१५३०.९७ | २ | गाउँपालिकापूँजिगत खर्च | २८२४३४७८ |
| | धरौटीखाता | ७७५००७२.६२ | ३ | गाउँपालिका पूँजिगत खर्च(म्याद थप) | ९४४८९४६ |
| | प्रकोपव्यवस्थापन कोष खाता | २३२७७९५ | ४ | संघीय सरकारबाट प्राप्तअनुदानको खर्च | |
| | आकस्मिक कोष खाता | २३५२५११ | | संघीयशसर्त चालु खर्च | ८७७६३८३६ |
| | विविधखर्च खाता | २२५९३४.५ | | संघीयशसर्त पूँजिगत खर्च | ४१७७९७१४.५९ |
| | विविधकोष खाता | १२१२५८३ | ५ | प्रदेशसरकारबाट प्राप्त अनुदानको खर्च | |
| | विभाज्य कोष खाता | ५२१०० | | प्रदेशसमपुरक खर्च | १३३८४३९५ |
| २ | राजस्व तर्फ (आन्तरिक आय) | | | प्रदेशविशेष अनुदान खर्च | २६२४२७७ |
| | आन्तरिक राजस्व | ९१२२२७६.४५ | ६ | अन्तरसरकारीहस्तान्तरण खर्च | |
| | राजस्वबाँडफाँड संघ | ३२७८९०८७.८८ | | सेवानिवृत कर्मचारीको औषधी उपचार | ९००१४४ |
| | राजस्वबाँडफाँड प्रदेश | १४४०१६५ | | सेवा निवृत कर्मचारीको संचित बिदा | ६०००९६ |
| ३ | संघीयसरकारबाट हस्तान्तरण | | | पूर्वाधार विकास कार्यक्रम | ८५००००० |
| | समानिकरण अनुदान | ६९९००००० | | सामाजिक सुरक्षा तथा संरक्षण | १५३८००६७ |
| | विशेषअनुदान | २१२००००० | | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ७५००००० |
| | शसर्तअनुदान | १३४२६४००० | ७ | फिर्ता रकम | |
| | समपुरकअनुदान | ४५००००० | | संघीयसरकारबाट प्राप्त अनुदान फिर्ता | २४४८५९४९.४१ |
| ४ | प्रदेशसरकार बाट हस्तान्तरित | | ८ | अन्यखाताहरुको खर्च विवरण | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | समानिकरण अनुदान | ६३२६००० | | धरौटीखाता | ३५७०६७ |
| | विशेषअनुदान | २७७३००० | | विविधखर्च खाता | ३५५८२५७ |
| | समपुरकअनुदान | १५०००००० | | विविधकोष खाता | ४२७००० |
| ५ | अन्तरसरकारीहस्तान्तरण | | | प्रकोपव्यवस्थापन कोष खाता | ७८०६८४ |
| | सेवानिवृत कर्मचारीको औषधी उपचार | ९००१४४ | | आकस्मिक कोष खाता | १२५००० |
| | सेवानिवृत कर्मचारीको संचित बिदा | ६०००९६ | ९ | मौज्दातरकम श्रेस्ता अनुसार | |
| | पूर्वाधार विकास कार्यक्रम | ८५००००० | | चालुखर्च खाता | १३३४९७६.५१ |
| | सामाजिक सुरक्षा तथा संरक्षण | १५३८००६७ | | पूँजिगत खर्च खाता | १०२७९३७२.६३ |
| | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ७५००००० | | संचितकोष खाता | ८३८६९१३३.८३ |
| ६ | धरौटीप्राप्ति | ७५९९२९७ | | धरौटीखाता | १४९९२३०२.६२ |
| ७ | विविध खर्चखातामा प्राप्त | ३९४६८८१ | | प्रकोपव्यवस्थापन कोष खाता | १५४७१११ |
| ८ | राजस्वबाँडफाँडमा आम्दानी बाँधन छुट रकम | १३८६४७५.१९ | | आकस्मिक कोष खाता | २२२७५११ |
| ९ | आन्तरिकराजस्व खातामा आम्दानी बाँधन छुट रकम | १३२११३१ | | विविधखर्च खाता | ६१४५५८.५ |
| १० | आन्तरिकअनुदान खाताम रकम प्राप्त | १४२५० | | विविधकोष खाता | ७८५५८३ |
| ११ | चालुखातामा ०.७र पूँजिगतमा ०.६३ पैसा मौज्दात | ०.७ | | विभाज्य कोष खाता | ५२१०० |
| | | | ११ | बेरुजुदाखिला रकम | ११५९१७८२.७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा आय ४१८३६५३९८.३५ जम्मा व्यय ४१८३६५३९८.३५ | |
| ५ | | | **वित्तीय विवरण**- स्थानीयसरकारसञ्चालनऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेतथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था बमोजिम २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।पालिकाले स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (शुत्र) बाट प्राप्त हुने म.ले.प. फा.नं. २७२ को ढाँचामा वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले वित्तीय प्रतिवेदन तयार गर्दा स्थानीय साझेदारी विकास कार्यक्रम, सामाजिक सुरक्षा, प्रदेश पूर्वाधार विकास लगायतका कार्यक्रममा भएका कारोबार शुत्र प्रणालीमा समावेश गरेको पाइएन । पालिकाले आर्थिक कारोबार गर्दा शुत्र प्रणालीलाई पूर्णरुपमा अवलम्बन गरी तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ६ | | | **सन्चित कोषमा ट्रान्सफरः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकि रहेको रकम आर्थिक वर्षको अन्त्यमा सन्चित कोषमा जम्मा हुने व्यवस्था रहेकोमा कार्यालयले आर्थिक वर्षको अन्त्यमा चालु खातामा रु.१३३४९७६।५१ र पूँजीगत खातामा रु.१०२७९३७२।६३ बाँकि देखाएको छ । कानूनी व्यवस्था अनुसार यस्ता खातामा रहेको रकम सन्चित कोषमा जम्मा गरी खाताको मौज्दात शून्य बनाउनुपर्नेमा सो अनुसार नगरी चालु अर्थिक वर्षमा सञ्चित कोषमा ट्रान्सफर गरेको छ । आर्थिक वर्षको अन्त्यमा ती खाताको मौज्दात शून्य बनाई सञ्चिच कोषमा ट्रान्सफर नगर्दा सञ्चित कोषको यथार्थ हिसाब नआउने हुँदा कानूनी व्यवस्थाको कार्यान्वयन गरी सञ्चित कोषको हिसाब पारदर्शी र यथार्थपरक बनाइनुपर्दछ । | |
| ७ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राखेको पाइएन । अतः आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख, मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नुपर्दछ । | |
| ८ | | | **बरबुझारथ :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०३ मा कुनै कर्मचारी वा पदाधिकारीले आफू कार्यरत कार्यालय छोडि जाँदा वा सो कामबाट अलग हुँदा आफ्नो जिम्मामा रहेको नगद, जिन्सी मालसामान लगायतका सरकारी सम्पत्ती हालवालालाई वा हालवाला नभएमा कार्यालय प्रमुखले तोकेको कर्मचारीलाई बरबुझारथ गर्नु पर्ने व्यवस्था छ । यस पालिकाका निवर्तमान | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अध्यक्ष श्री आस बहादुर थकालीले आफू कार्यरत रहँदा प्रयोग गरेका देहाय अनुसार रु.१,९९,१४३/- मूल्यका जिन्सी मालसामान हालवाला अध्यक्ष वा कार्यालय प्रमुखले तोकेको कर्मचारीलाई नबुझाई आफ्नै जिम्मामा राखेको देखिन्छ । कार्यालयबाट पदमुक्त भै सकेको लामो समयसम्म पनि सरकारी सम्पत्ती बरबुझारथ नगर्दा सरकारी सम्पत्तीको दुरुपयोग भएको देखिन्छ । उक्त जिन्सी मालसामानहरु यथाशिघ्र हालवाला अध्यक्ष वा कार्यालय प्रमुखले तोकेको कर्मचारीलाई बुझाउनु पर्दछ । अन्यथा निजबाट उक्त सम्पत्तीको मुल्य असुल हुनुपर्दछ ।
<table>
<tr><th>क्र.सं.</th><th>सामानको विवरण</th><th>परिमाण</th><th>सामानको मुल्य</th></tr>
<tr><td>१.</td><td>Dell I5 ल्यापटप</td><td>१</td><td>६४२३३</td></tr>
<tr><td>२.</td><td>J2 Samsung मोबाइल</td><td>१</td><td>१०५००</td></tr>
<tr><td>३.</td><td>A205 मोबाइल</td><td>१</td><td>१९९००</td></tr>
<tr><td>४.</td><td>सोफासेट</td><td>१</td><td>५५०००</td></tr>
<tr><td>५.</td><td>टेलिभिजन</td><td>१</td><td>३०५१०</td></tr>
<tr><td>६.</td><td>टि टेबुल</td><td>१</td><td>१९०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१९९१४३/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण एवं वित्तीय उत्तरदायित्व र जवाफदेहिताः- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५० देखि ५५ मा जिम्मेवार व्यक्तिले पालना गर्नुपर्ने वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताको व्यवस्था गरेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने उल्लेख छ। यस पालिकाको लेखापरीक्षण गर्दा निम्न कामसँग सम्बन्धित ऐन नियमले तोके अनुसारको व्यवस्था पालना नगरेको वा आशिंक पालना गरेको र आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको देखिएन । यसबाट सम्बन्धित काम मितव्ययी एवं प्रभावकारी ढङ्गले कार्यान्वयन भएको छ भनी विश्वस्त हनु सक्ने आधार भएन । यसमा सुधार गरी कार्यालयबाट सम्पादन हुने कामलाई नियमित, मितव्ययी एवं प्रभावकारी बनाउनु पर्दछ । पालिकाले कार्यान्वयन एवं सुधार गर्नुपर्ने व्यहोरा यस प्रकार छन्ः-</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम 6क मा ठेक्का सम्झौता र मू.अ.कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको पाइएन।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• पालिकाले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण आँशिक रुपमा गरेको पाइयो।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ बमोजिम बीस हजार भन्दा बढी मूल्यको खरिद कार्य मूल्य अभिबृद्धि करमा दर्ता भएका फर्मसँग मात्र खरिद गर्नु पर्नेमा सो गरेको पाइएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १० | | | **आन्तरिक लेखापरीक्षण :-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखा परीक्षण गराउनु पर्ने र उपदफा (३) मा आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । पालिकाको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण भएको देखिएन । आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख संयन्त्रको रुपमा रहेको आन्तरिक लेखापरीक्षण नहुँदा कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली समेत कमजोर रहेको देखिन्छ । तसर्थ ऐनमा भएको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ । | |
| ११ | | | **न्यायिक समितिः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा बिवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा कार्यालयबाट प्राप्त विवरण अनुसार यसवर्ष कुनै पनि उजुरी परेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **दरबन्दी तथा पदपूर्ति :-** पालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएअनुसार दरबन्दीको पदपूर्ति हुनुपर्दछ । कार्यालयबाट प्राप्त दरबन्दी तथा पदपूर्तिको विवरण अनुसार ६९ दरबन्दी मध्ये ६५ पदपुर्ति भै १३ पद रिक्त रहेको पाइयो । पालिकालाई आवश्यक पर्ने प्रशासनिक तथा प्राविधिक पद रिक्त हुँदा सो सम्बन्धी सेवा प्रवाहमा असर पर्ने देखिएकोले दरबन्दी अनुसार पदपूर्ति गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ । | |
| १३ | | | **सेवा प्रवाहको स्थिती :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाले सेवा प्रवाह गर्नुपर्दछ । यस वर्ष पालिकाबाट निम्न बमोजिम सेवा प्रावह भएको विवरण पेश भएको छ । पालिकाले स्थानीय सरकार सञ्चालन ऐन तथा पालिकाबाट निर्मित ऐन कानून बमोजिम सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै लैजानु पर्दछ ।<br>**विवरण** — **जम्मा**<br>जन्मदर्ता/ मृत्युदर्ता — ११६<br>नागरिकता सिफारिश — १५४<br>घरबाटो सिफारिश — ३४<br>नाता प्रमाणित — १०८<br>अन्य — १२३६ | |
| १४ | | | **बजेट पेश, पारित र अख्तियारी :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाका प्रमुखले २०७८।३।१० गते रु.३३ करोड ३८ लाख २७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।१० मा पारित भएको छ । | |
| १५ | | | **चौमासिक पूँजीगत खर्च :-** पालिकाले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार तोकेको अवधिमा कार्यक्रम कार्यान्वयन गरी कार्य सम्पन्न गर्नुपर्दछ । SuTRA अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप वर्षान्तको आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>पूँजीगत खर्च</th><th>बजेट व्यवस्था</th><th>कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th></tr>
<tr><th></th><th></th><th></th><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेसो चौमासिक</th></tr>
<tr><td>जम्मा</td><td>१६१२५६</td><td>९५४८१</td><td>१०७</td><td>१४२००</td><td>८११७४</td></tr>
<tr><td>खर्च प्रतिशत</td><td></td><td>५९.२१</td><td>०.११</td><td>१४.८७</td><td>८५.०२</td></tr>
</table>
उल्लिखित तालिका अनुसार पूँजीगत खर्चको वार्षिक अनुमानको ५९.२१ प्रतिशत मात्र खर्च भएको छ । सो मध्ये प्रथम चौमासिकमा ०.११ प्रतिशत, दोस्रो चौमासिकमा १४.८७ प्रतिशत, तेस्रो चौमासिकमा ८५.०२ प्रतिशतखर्च भएको देखिन्छ।पालिकाको वार्षिक बजेट २०७८।०३।१० मा पारित भएतापनि अधिकांश खर्च तेस्रो चौमासिकमा खर्च भएको देखिन्छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असरपर्ने देखिएकोले अन्तिम चौमासिकमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>मध्यमकालिनखर्चसंरचनाः- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। सो अनुसार पालिकाले उक्त योजना तयार गरेको देखिदैन । मध्यकालिन खर्च संरचनामा योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, सो को प्रति इकाई लागत, अनुमानित समय र सोबाट प्राप्त हुने प्रतिफल समेत खुलाई योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नु पर्नेमा सो गरेको पाइएन।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चः- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट (रु. हजारमा)</th><th>खर्च रकम (रु. हजारमा)</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिकविकास</td><td>३८५९८</td><td>२६६७८</td><td>११.७</td></tr>
<tr><td>सामाजिकक्षेत्र</td><td>१४०२२९</td><td>१०७११३</td><td>४६.९९</td></tr>
<tr><td>पूर्वाधारविकासक्षेत्र</td><td>१०२९५३</td><td>५३९३८</td><td>२३.६६</td></tr>
<tr><td>सुशासनरअन्तरसम्बन्धितक्षेत्र</td><td>४९४३</td><td>१४५०</td><td>०.६</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यसञ्चालनतथाप्रशासनिकखर्च ४७६३५ ३८७७७ १७. <br> **जम्मा** **३३४३५८** **२२७९५६** **१००.** <br> उपरोक्त तालिका बमोजिम सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा कम ०.६प्रतिशत र सामाजिक क्षेत्रमा सबैभन्दा बढी ४६.९९ प्रतिशत खर्च भएको छ । | |
| १८ | | | **खर्च बिश्लेषणः-** पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.९१,२२,२७६/- राजस्व बाँडफाँडबाट रु.३,४२,२९,२५२/- र अनुदानबाट रु.७,६२,२६,०००/- समेत रु.११,९५,७७,५२८/- आम्दानी भएकोमा चालु तर्फ रु.४,५२,१२,०५५/-र पूँजिगत तर्फ रु.३,७६,९२,४२४/- समेत रु.८,२९,०४,४७९/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ११प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु.६२,९३,१८८/- खर्च भएको छ जुन आन्तरिक आयको ६८.९८प्रतिशत रहेको छ । त्यसैगरी पालिकाले यस वर्ष कुल खर्चको १७प्रतिशत प्रशासनिक शीर्षकमा खर्च गरेको छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| १९ | | | **कर तथा शुल्क असुली :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५,५७,५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| | | | | |
|---|---|---|---|---|
| कार्यसञ्चालनतथाप्रशासनिकखर्च | ४७६३५ | ३८७७७ | १७. |
| **जम्मा** | **३३४३५८** | **२२७९५६** | **१००.** |

| **सि.नं.** | **राजस्वसंकेत** | **राजस्व शीर्षक** | **अनुमान** | **असुली** | **असुली %** |
|---|---|---|---|---|---|
| १ | ११९३१ | सम्पत्ती, बहालतथापट्टावापतकोआयमालाग्नेकर | १२०००० | १४९५०५ | १२५ |
| २ | ११३१४ | भुमिकर/मालपोत | २२०००० | ५८६९७१.६ | २६६.८ |
| ३ | ११३२१ | घरवहालकर | १५०००००० | २१६१९०१.५३ | १४४.१२ |
| ४ | ११४७९ | अन्यमनोरञ्जनकर | ३५००० | ५००० | १४ |
| ५ | ११६३१ | कृषितथापशुजन्यवस्तुकोव्यावसायिककारोवारमालाग्नेकर | ५००००० | ४६७३७५ | ९३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | १४१५१ | सरकारीसम्पत्तीकोवहालबाटप्राप्तआय | २०००००० | १७३१४७० | ८७ |
| ७ | १४२१३ | अन्यबिक्रीबाटप्राप्तरकम | २५०० | १५०० | ६० |
| ८ | १४२२४ | परीक्षाशुल्क | १०००० | ८००० | ८० |
| ९ | १४२२९ | अन्यप्रशासनिकसेवाशुल्क | २५०००० | ४२१५६० | १६९ |
| १० | १४२४१ | पार्किङ्गशुल्क | २५०००० | ४०२५० | १६ |
| ११ | १४२४२ | नक्सापासदस्तुर | ५००००० | ४१८७०.७५ | ८.३७ |
| १२ | १४२४३ | सिफारिशदस्तुर | ५००००० | ४१४८०० | ८३ |
| १३ | १४२४४ | व्यक्तिगतघटनादर्तादस्तुर | ३०००० | ३३१०० | ११० |
| १४ | १४२४५ | नाताप्रमाणितदस्तुर | ३०००० | ३८७०० | १२९ |
| १५ | १४२४९ | अन्यदस्तुर | १००००० | ८२५२४.०७ | ८२.५२ |
| १६ | १४२५३ | व्यावसायरजिष्ट्रेशनदस्तुर | २५००० | २०० | १ |
| १७ | १४५२९ | अन्यराजस्व | १०६७००० | ४३२०५८.५ | ४०.४९ |
| १८ | १४६११ | व्यवसायकर | १५००००० | १९३०९६० | १२९ |
| १९ | १५१११ | बेरूजू | २५००० | ५७४५३० | २२९८ |
| **जम्मा** | | | **८६६४५००** | **९१२२२७६** | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी दाखिला गर्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।साथै पालिकाको राजस्व अभिलेख गर्ने सफ्टवेयरले यो वर्ष राजस्व असुली रु.८९,३७,४२६/४५ देखाएको छ भने सुत्रको

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रतिवेदन अनुसार यो वर्ष राजस्व असुली रु.९१,२२,२७६/- देखाएको छ । कार्यालयले पेश गरेको बैंक विवरण अनुसार राजस्व रु.१,०४,५८,७५१/- देखिएको छ । राजस्वको सफ्टवयेर, सुत्र र बैंकमा दाखिला भएको रकम यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>घर भाडा :- कार्यालयले सम्झौतामा उल्लेख गरेअनुसारको रकम असुल गरी आम्दानी जनाउनु पर्दछ । यस कार्यालयले कृषि उपज संकलन केन्द्र, घरपझोङ-३, एयरपोर्ट मा रहेको भवन २०७८ श्रावण १ देखि २०७९ असार मसान्त सम्म देहायका व्यक्तिलाई वार्षिक रु.५,४०,०००/- भाडा लिने गरी सम्झौता गरेको पाइयो । कार्यालयले २०७९ असार महिनाको भाडा र सम्झौता बमोजिमको जरिवाना समेत रु.४५,९००/- असुल गर्न बाँकी रहेको हुँदा असुल गर्नुपर्ने देखिएको रु.
<table>
<tr><th>कोठा/सटर</th><th>व्यक्तिको नाम</th><th>मासिक भाडा</th><th>वार्षिक भाडा</th><th>असुली</th><th>बाँकी</th><th>जरिवाना</th><th></th><th>कैफियत</th></tr>
<tr><td>१ कोठा सहित २ सटर</td><td>भिम माया वि.क</td><td>१२०००</td><td>144000</td><td>132000</td><td>१२०००</td><td>२४०</td><td>१२२४०</td><td>२०७९ असारको बाँकी</td></tr>
<tr><td>४ वटा कोठा</td><td>रामलाल विश्कर्मा</td><td>९०००</td><td>108000</td><td>99000</td><td>९०००</td><td>१८०</td><td>९१८०</td><td>२०७९ असारको बाँकी</td></tr>
<tr><td>१ सटर</td><td>महेन्द्र बरुवाल</td><td>५०००</td><td>60000</td><td>55000</td><td>५०००</td><td>१००</td><td>५१००</td><td>२०७९ असारको बाँकी</td></tr>
<tr><td>१ कोठा १ सटर</td><td>बलदेवीफलगामी</td><td>७०००</td><td>84000</td><td>77000</td><td>७०००</td><td>१४०</td><td>७१४०</td><td>२०७९ असारको बाँकी</td></tr>
<tr><td>१ कोठा १ सटर</td><td>रनमाया वि.क.</td><td>७०००</td><td>84000</td><td>७७०००</td><td>७०००</td><td>१४०</td><td>७१४०</td><td>२०७९ असारको बाँकी</td></tr>
<tr><td>१ सटर</td><td>लिला लामिछाने</td><td>५०००</td><td>60000</td><td>55000</td><td>५०००</td><td>१००</td><td>५१००</td><td>२०७९ असारको बाँकी</td></tr>
<tr><td></td><td></td><td></td><td>540000</td><td>४९५०००</td><td>४५०००</td><td>९००</td><td>४५९००</td><td></td></tr>
</table></td><td>४५९००</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>राजश्व बाँडफाँट :-<br>..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१४ को निर्णयबाट रु.२०,६७५ ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२२</td><td></td><td></td><td>

**असुली गर्न बाँकी आन्तरिक आय** :-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार रु.४१,८१५/- असुल गर्न बाँकी रहेको छ ।असुल गर्न बाँकी आन्तरिक आय असुल गरी दाखिला हुनुपर्ने रु.

<table>
<tr><th>सि.नं.</th><th>ठेकेदार/व्यक्तिको नाम</th><th>आय ठेक्काको नाम</th><th>सम्झौता रकम</th><th>असुली रकम</th><th>बाँकी रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>दुरेन्द्र गौचन</td><td>दहत्तर बहत्तर (पातलो छपनी ढुङ्गा)</td><td>५००००</td><td>५१६८८</td><td>०</td><td>सम्झौता बमोजिम जरिवाना समेत</td></tr>
<tr><td>२</td><td>सुनिल परीयार</td><td>पार्किङ शुल्क, बहाल बिटौरी</td><td>८०५००</td><td>४०२५०</td><td>४१११५</td><td>सम्झौता बमोजिम जरिवाना समेत</td></tr>
<tr><td>३</td><td>रसुल फकिर</td><td>बधशाला सञ्चालन</td><td>६००००</td><td>६०६४५</td><td>३५०</td><td>प्रथम किस्ता ढिला बुझाए वापतको जरिवाना</td></tr>
<tr><td>४</td><td>नरुल हसन फकिर</td><td>बधशाला सञ्चालन</td><td>६००००</td><td>६०३०५</td><td>३५०</td><td>प्रथम किस्ता ढिला बुझाए वापतको जरिवाना</td></tr>
<tr><td>**जम्मा**</td><td></td><td></td><td>**२५०५००**</td><td>**२१२८८८**</td><td>**४१८१५**</td><td></td></tr>
</table>

</td><td>४१८१५</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>

**योजना र कार्यान्वयन** :–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। गाउँपालिकाबाट यस वर्ष कार्यान्वयन भएका योजनाहरु र बजेट देहायअनुसार रहेका छन्:

<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>बजेट</th><th>खर्च</th></tr>
<tr><td>१</td><td>रु.१ लाख सम्मका</td><td>२</td><td>११००००</td><td>०</td></tr>
<tr><td>२</td><td>रु.१ लाख भन्दा बढी ५ लाख सम्म</td><td>३२</td><td>१०६५६०००</td><td>४७८१८२२</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ३ | रु.५ लाख भन्दा बढी १० लाख सम्म | २१ | १७०४०००० | १३९४००६० |
| ४ | रु.१० लाख भन्दा बढी ५० लाख सम्म | १७ | ४७५५०००० | २५७५२०९८ |
| ५ | ५० लाख भन्दा बढी | ८ | ७५९००००० | ४१००६८३१ |
| **जम्मा** | | **८०** | **१५१२५६०००** | **८५४८०८११** |

पुँजीगत कार्यक्रम तर्फ यो वर्ष कार्यान्वयनमा ल्याइएका ८० योजना मध्ये २७ योजनाको प्रगती शुन्य रहेको, ५ वटा योजनाको प्रगती ५० प्रतिशत भन्दा कम रहेको, ५ वटा योजनाको प्रगती ७५ प्रतिशत सम्म रहेको छ भने ४३ वटा योजनाको वित्तीय प्रगती ७५ प्रतिशत देखी शतप्रतिशतसम्म रहेको देखिन्छ । पालिकाले भौतिक प्रगती देखिने गरी प्रगती प्रतिवेदन तयार नपारेको कारण भौतिक प्रगती यकिन गर्न सकिएन । कार्यान्वयनमा ल्याइएका योजनाहरु शतप्रतिशत प्रगती हासिल गर्ने तर्फ ध्यान जानुपर्दछ ।

२४

**अनुत्पादक खर्च :–**सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम रुपमा सार्वजनिक प्रतिफल हुने गरी खर्च गर्नुपर्नेमा पालिकाले यो वर्ष कोशेली घर निर्माण, आमा समूहका लागी फर्निचर, खेतमा तारजाली लगाउने र पार्क निर्माण गर्ने जस्ता अनुत्पादक कार्यका लागी देहाय अनसार रु.२ करोड ४८ लाख बजेट बिनियोजन गरी रु.१ करोड ६ लाख खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ ।

| क्र.सं. | योजनाको नाम | बजेट | खर्च |
|---|---|---|---|
| १ | कोशेली घर निर्माण, जोमसोम | 10000 | ० |
| २ | जोमसोम खेतबारी तारबार योजना | 200000 | 0 |
| ३ | ठिनी आमा समूह भवनमा किचन सामाग्री तथा फर्निचर खरिद | 200000 | ० |
| ४ | ढुम्बा सम्ले खेतबारीमा तारबार लगाउने | 500000 | 497151 |
| ५ | कोशेली घर निर्माण, जोमसोम | 539950 | 0 |
| ६ | कोशेली घर निर्माण, जोमसोम | 650050 | 0 |
| ७ | जोमसोममा मिनी मुस्ताङ पार्क निर्माण | 1500000 | 1500000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (nested table below) | |

| | | | |
|---|---|---|---|
| ८ | मिनी मुस्ताङ पार्क निर्माण | 2000000 | 0 |
| ९ | मिनी मुस्ताङ पार्क निर्माण | 3000000 | 41739 |
| १० | मिनी मुस्ताङ पार्क निर्माण | 5000000 | 0 |
| ११ | मिनि मुस्ताङ पार्कमा कम्पाउन्ड वाल निर्माण | 5000000 | 3384395 |
| १२ | मिनी मुस्ताङ पार्क निर्माण म्याद थप | 6200000 | 5209555 |
| **जम्मा** | | **24800000** | **10632840** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **उपभोक्तामार्फत काम**:- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेसिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ। | |
| २६ | | | **खरिद कारवाहीको अभिलेखः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (१) अनुसार सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गौश्वार लगत (म.ले.प.फा.नं.५०७) समेत तयार गरी राखेको पाइएन । खरिद सम्बन्धि कागजातहरु खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन आदिको अभावमा कारोबारको परीक्षण र मूल्याङ्कन गर्न सकिएको छैन। खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| २७ | | | **निर्माण कार्यको गुणस्तर :-** पालिकाबाट हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धीत उपभोक्ता समिति, निर्माण व्यववसायी, अनुगमन समिति र कार्यालयको हो । यसका लागी स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने, निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम हुनुपर्ने, मितव्ययिताका लागि स्थानीय स्तरमा उपलब्ध गुणस्तरयुक्त सामग्रीको उपयोग गर्नुपर्दछ । तर कार्यालयले उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत सोझै गराएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक मात्रामा गुणस्तर परीक्षण गराउने तर्फ कार्यालयको पहल हुनुपर्दछ । | |
| २८ | | | **गाउँपालिका प्रशासनिक भवन निर्माण :-** गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागी २०७८/६/३० सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी २०७७/१/१० मा निर्माण व्यवसायी डाँफे/हरी/सन्त जे.भी. सँग रु.७ करोड ५९ लाख ८५ हजारमा खरिद सम्झौता भएकोमा २०७८/७९ सम्म रु.६ करोड २ लाख ३१ हजार (७९.२७ प्रतिशत) भुक्तानी भएको छ । यस सम्बन्धी श्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोरा देहाय अनुसार छन् । | |
| २८.१ | | | **निर्माण स्थलको स्वामित्व :-** सार्वजिनक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आह्वान गर्न नहुने व्यवस्था छ । भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५९क सरकारी प्रयोजनको लागी जग्गा आवश्यक भई उपयुक्त र आवश्यक हुने देखिए नेपाल सरकारको स्वीकृती लिएर प्रयोग गर्न सकिने व्यवस्था छ । त्यसैगरी सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्धी गराउने सम्बन्धी कार्यनीति,२०७१ को दफा १२ (४) बमोजिम नेपाल सरकार मन्त्रिपरिषदले जग्गा लिजमा उपलब्ध गराउने सम्बन्धमा निर्णय गर्न सक्ने व्यवस्था छ । यस पालिकाले घरपझोङ्ग गाउँपालिकाको साविक वडा नं. ८ मा कित्ता नखुलेको अन्दाजी १९ रोपनी जग्गामा कार्यालयको प्रशासनिक भवन निर्माणका लागी २ वर्ष अगाडी ठेक्का सम्झौता गरी भवन निर्माण कार्य शुरु गरेकोमा हालसम्म उक्त जग्गा | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गाउँपालिकाको स्वामित्वमा आएको देखिएन । गाउँपालिकाको स्वामित्व नभएको जग्गामा गाउँपालिकाको भवन निर्माण गरिएको हुँदा उक्त जग्गा पालिकाको स्वामित्वमा ल्याउन शिघ्र पहल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८.२</td><td></td><td></td><td>म्याद थप :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(६) मा यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि शुरु सम्झौताको पचास प्रतिशतभन्दा बढी हुने गरी म्याद थप गर्न पाइने छैन भन्ने व्यवस्था छ । प्रथम पटक २०७८/६/३० सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी २०७७/१/१० मा निर्माण व्यवसायी डाँफे/हरी/सन्त जे.भी. सँग खरिद सम्झौता भएकोमा निर्माण व्यवसायीको २०७८/९/१९ मा दिएको निवेदनका आधारमा गाउँ कार्यपालिकाको २०७८/९/२० को निर्णयले २०७९/१/३० सम्म म्याद थप गरेको छ । निर्माण व्यवसायीले उक्त थप अवधि भित्र समेत निर्माण कार्य सम्पन्न गर्न नसके पछि पुनः २०७९/१/८ मा निर्माण व्यवसायीले म्याद थपका लागी निवेदन दिएको आधारमा गाउँकार्यपालिकाको २०७९/३/२४ को निर्णयले पुनः २०७९/५/३१ सम्म दोश्रो पटक म्याद थप गरेको छ । २० महिना शुरु म्याद रहेको खरिद सम्झौताको अवधि १३ थप गरेर ३३ महिना पुर्याइएको छ । शुरु सम्झौताको ६५ प्रतिशत म्याद थप गर्दा समेत हालसम्म निर्माण व्यवसायीले ८० प्रतिशत मात्र कार्य गरेको देखिन्छ ।सार्वजनिक खरिद नियमावलीले गरेको प्रावधान विपरित ५० प्रतिशतभन्दा बढी अवधि म्याद थप गरी सक्दा समेत निर्माण व्यवसायीले निर्माण कार्य पूरा गर्न सकेको छैन । निर्माण कार्यमा ढिलाई गरेकोमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ अनुसार निर्माण व्याबसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति लिई समयमा निर्माण कार्य पूरा गराउने तर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८.३</td><td></td><td></td><td>भेरिएशनभन्दा बढी परिमाणको भुक्तानी :- भवन निर्माण कार्यको सम्झौता रकममा थप/घट नहुने गरी २०७७/९/८ मा आइटम भेरियसन स्वीकृत गराएकोमा देहायका आइटमहरुमा भेरियसनबाट कायम भएको भन्दा पनि बढी परिमाणमा भुक्तानी गरेको पाइयो । भेरिएशनबाट कायम भएकोभन्दा बढी परिमाणको भुक्तानी गरेकोमा सोको कारण तथा प्राविधिक पुष्टयाइँ संलग्न गरेको पाइएन । भेरिएशनबाट कायम भएको परिमाणभन्दा बढी कार्य परिमाणको भुक्तानी गरेको सम्बन्धमा प्राविधिक पुष्टयाइँ आधार पेश हुनुपर्नेअन्यथा असुल हुनुपर्नेरु.
<table>
<tr><th>आइटम नं.</th><th>कामको विवरण</th><th>भेरियसनपछि कायम भएको परिमाण</th><th>भुक्तानी भएको परिमाण</th><th>बढी परिमाण</th><th>दर</th><th>रकम रु</th></tr>
<tr><td>7.</td><td>Providing and laying stone masonry work in 1.6 cement in foundation</td><td>32.32 cum.</td><td>57.4 cum.</td><td>25.08 sq.</td><td>१०९००</td><td>२७३३७२</td></tr>
</table></td><td>१०६५८५८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>8.</td><td>Providing and laying stone masonry work in 1.6 cement in superstructure</td><td>103.95 cum.</td><td>148.32 cum.</td><td>44.37 sq.</td><td>१६३००</td><td>७२३२३१</td></tr>
<tr><td>17.</td><td>20mm thick cement sand plastering 1:4</td><td>2498.48 sq.</td><td>2547.14 sq.</td><td>48.66 sq.</td><td>५३२</td><td>२५८८७</td></tr>
<tr><td>22.</td><td>Cement sand punning 1:1</td><td>1634 .68 sq.</td><td>1655.90sqm.</td><td>20.22 sq.</td><td>३१४</td><td>६३४९</td></tr>
<tr><td>30.</td><td>Fixing glazed stuttered in window</td><td>91.67 sq.</td><td>98.1 sq.</td><td>6.43 sq.</td><td>३७०१९</td><td>३७०१९</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>१०६५८५८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२८.४</td><td></td><td></td><td>रेट नेगोसियशन नगरी काम गराएको :- सम्झौता हुँदाका बखत बि.ओ.क्यू.मा कायम भएको कुनै आइटमको परिमाणमा २५ प्रतिशत भन्दा बढी बढने गरी काम गराउनु पर्ने भएमा उक्त आइटमको रेट नगोशियसन गरी नयाँ दररेट कायम गराउनु पर्दछ । पालिकाले देहायका निर्माण कार्यमा सम्झौता हुँदाका बखत कायम भएको परिमाण भन्दा २५ प्रतिशत बढी परिमाणमा काम गराउँदा समेत साविककै दरमा भुक्तानी गरेको देखिन्छ ।नयाँ दर कायम नगरी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.
<table>
<tr><th>आइटम नं.</th><th>कामको विवरण</th><th>शुरु परिमाण</th><th>भुक्तानी भएको परिमाण</th><th>थप परिमाण</th><th>थपिएको प्रतिशत</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>26</td><td>Supply, fixing and finishing of salla wood door frame</td><td>४.२१</td><td>२६.५६८</td><td>२२.३६८</td><td>५३१.३</td><td>६८३४३</td><td>१५२८६९६</td></tr>
<tr><td>30</td><td>Fixing glazed shutter of window with 4mm thick glass</td><td>०.०</td><td>९१.६६५</td><td>९१.६६५</td><td>१००</td><td>५७५७</td><td>५२७७३६</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>२०५६४३२</td></tr>
<tr><td>मू.अ.कर</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>२६७३३७</td></tr>
<tr><td>कुल जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>२३२३७६९</td></tr>
</table>
</td><td>१५२८६९६</td></tr>
<tr><td>२९</td><td></td><td></td><td></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **तेज निराला जनहित क्याम्पस भवन निर्माण**को लागि गाउँपालिकाले निर्माण व्यवसायी शशी निर्माण सेवासंग २०७९।०३।१५ भित्र निर्माण सम्पन्न गर्ने गरी २०७८।०९।१९ मा रु.७६३५८०९।०५ को ठेक्का सम्झौता गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्। | |
| ३० | | | **ठेक्का बीमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक दश लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको १५ प्रतिशत रकम समेतको त्रुटी सच्याउने अवधिसम्मको बीमा गराउनुपर्ने व्यवस्था छ । कानुनी व्यवस्था अनुसार निर्माण व्यवसायी शशी निर्माण सेवाले सम्झौताको रकम रु.७६३५८०९।०५ को ११५ प्रतिशतले हुने रु.८७८११८०।४० को २०८०।०४।१५ सम्म मान्य अवधि भएको बीमा गराउनुपर्दछ । तर कानुनी व्यवस्था बमोजिम यक्त कार्यको बीमा गराएको देखिएन । निर्माण कार्यमा आउन सक्ने सम्भावित जोखिम न्यून गर्न बीमा गर्ने, गराउनेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ। | |
| ३१ | | | खरिद सम्झौता बमोजिम कार्य शुरु भई सकेपछि प्राविधिक कारणबाट त्यस्तो कार्यको परिमाणमा थप, घट गर्न वा नयाँ आइटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा त्यस्तो थपघट तथा नयाँ आइटमको लागत अनुमान तयार गरी भेरियशन परिमाणको प्राविधिक पुष्ट्याई र कारण सहित भेरियशन जारी गर्न सक्ने व्यवस्था छ । कार्यालयले सम्झौतामा उल्लेख भए भन्दा निम्नानुसारका आइटमहरुमा बढी परिमाणमा कार्य गरेको अवस्थामा कानुनी व्यवस्था अनुसार प्राविधिक पुष्ट्याई र कारण सहित भेरियशन जारी नगरी भुक्तानी गरेकोले नियमसम्मत नदेखिएको रु. | ३४३२२३ |

| आइटम नं | सम्झौताको परिमाण | कार्य सम्पन्न परिमाण | बढी कार्य परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| ४ | १७.४८ | १८.५९ | १.११ | १०००० | १११०० |
| ८ | ८३७४.६६ | ९९८७.०७ | १६१२.४१ | १२० | १९३४८९ |
| १२ | ३७.११ | ४६.११ | ९ | ५००० | ४५००० |
| १३ | ५१०.२६ | ६३४.०१ | १२३.७५ | २०० | २४७५० |
| १५ | ९५४.७८ | ११५१.५९ | १९६.८१ | ३५० | ६८८८४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा ३४३२२३ | |
| ३२ | | | **बिल भरपाईः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्यको निर्माण व्यवसायीलाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीसंगको सम्झौताको बिओक्यू अनुसार पिएस आइटम होर्डिङ्ग बोर्ड र ल्याब टेष्टको रु.५५०००।०० भुक्तानी गरेकोमा सो को बीजक सहित ल्याब टेष्टको प्रमाण पेश नभएकोले उक्त रकम असुल गर्नुपर्ने रु. | ५५००० |
| ३३ | | | **पुर्व निर्धारित क्षतिपूर्तिः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा निर्माण व्यवसायीले खरिदसम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिनसम्झौता रकमको शुन्ना दशमलब शुन्ना पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ । सम्झौता अनुसार २०७९।०३।१५ भित्र निर्माण सम्पन्न गर्नुपर्नेमा प्राविधिक नाप जाँचको लागि २०७९।३।२४ मा निवेदन दिई प्राविधिक नाप जाँच गरेको देखिएकोले समयमा निर्माण सम्पन्न गरेको देखिदैन । तसर्थ सम्झौता रकम रु.७६३५८०९।०५ को प्रति दिन ०.05 प्रतिशतले ९ दिनको पूर्व निर्धारित क्षतिपूर्ति रु.३४३६१।० असुल गर्नुपर्ने रु. | ३४३६१ |
| ३४ | | | **ठेक्का बीमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक दश लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको १५ प्रतिशत रकम समेतको त्रुटी सच्याउने अवधिसम्मको बीमा गराउनुपर्ने व्यवस्था छ । कानुनी व्यवस्था अनुसार निर्माण व्यवसायी जि. डि. एस. कन्स्ट्रक्शनले २०८०।०३।३० सम्म मान्य अवधि भएको बीमा गराउनुपर्नेमा २०७९।२।३० सम्म मात्र मान्य अवधि भएको बीमा गराएको देखिन्छ । निर्माण कार्यमा आउन सक्ने सम्भावित जोखिम न्यून गर्न त्रुटी सच्याउने अविधसम्मको बीमा गर्ने गराउनेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३५ | | | **भेरिएसन सम्बन्धमा** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद सम्झौता बमोजिम कार्य शुरु भई सकेपछि प्राविधिक कारणबाट त्यस्तो कार्यको परिमाणमा थप, घट गर्न वा नयाँ आइटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा त्यस्तो थपघट तथा नयाँ आइटमको लागत अनुमान तयार गरी भेरियशन परिमाणको प्राविधिक पुष्ट्याई र कारण सहित भेरियशन जारी गर्न सक्ने व्यवस्था छ । कार्यालयले सम्झौतामा उल्लेख भएभन्दा निम्नानुसारका आइटमहरुमा बढी परिमाणमा कार्य गरेको अवस्थामा कानुनी व्यवस्था अनुसार प्राविधिक पुष्ट्याई | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | र कारण सहित भेरियशन जारी गरेको देखिएन । सम्झौता हुँदाका बखत बि.ओ.क्य. मा उल्लेख भएको भन्दा बढी परिमाण काम गराइ भुक्तानी गर्दा भेरियशन स्वीकृत गराएर मात्र भुक्तानी गरिनु पर्दछ । | |

| आइटम नं | सम्झौताको परिमाण | कार्य सम्पन्न परिमाण | बढी कार्य परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| १ | ३९२.८४ | ४६७.९५ | ७५.११ | २५० | १८७७७ |
| २ | ३८५ | ४८४ | ९९ | ३००.२५ | २९७२५ |
| ३ | ७० | ८८ | १८ | ३०००.५२ | ५४००९ |
| ५ | १२३.५१ | १३१.४४ | ७.९३ | १८००.५२ | १४२७८ |
| ७ | ४८१४.८२ | ५४१६.१७ | ६०१.३५ | १२०.२५ | ७२३१२ |
| ११ | ६६७ | ७८७.७७ | १२०.७७ | ५५० | ६६४२३ |
| जम्मा | | | | | **२५५५२४** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **बिल भरपाईः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्यको निर्माण व्यवसायीलाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था छ । थकाली संग्रहालय भवन निर्माणको लागि गाउँपालिकाले निर्माण व्यवसायी डोल्मा विल्डर्ससंग २०७९।०३।१५ भित्र निर्माण सम्पन्न गर्ने गरी २०७८।०९।१९ मा रु.७१९१५२२।७७ को ठेक्का सम्झौता गरेकोमा निर्माण व्यवसायीसंगको सम्झौताको बिओक्यू अनुसार पिएस आइटम होर्डिङ्ग बोर्डको रु.५०००।०० भुक्तानी गरेकोमा सो को बीजक पेश नभएकोले उक्त रकम असुल गर्नुपर्ने रु. | ५००० |
| ३७ | | | **भेरिएसन सम्बन्धमा**- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद सम्झौता बमोजिम कार्य शुरु भई सकेपछि प्राविधिक कारणबाट त्यस्तो कार्यको परिमाणमा थप, घट गर्न वा नयाँ आइटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा त्यस्तो थपघट तथा नयाँ आइटमको लागत अनुमान तयार गरी भेरियशन परिमाणको प्राविधिक पुष्ट्याई र कारण सहित भेरियशन जारी गर्न सक्ने व्यवस्था छ । कार्यालयले सम्झौतामा उल्लेख भएभन्दा निम्नानुसारका आइटमहरुमा बढी परिमाणमा कार्य गरेको अवस्थामा कानुनी व्यवस्था अनुसार प्राविधिक पुष्ट्याई | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>र कारण सहित भेरियशन जारी नगरी भुक्तानी दिएको छ । सम्झौता हुँदाका बखत बि.ओ.क्यू. मा कायम भन्दा बढी परिमाणको रकम भुक्तानी गर्दा भेरिएशन आदेश स्वीकृत गराउनु पर्दछ ।
<table>
<tr><th>आइटम नं</th><th>सम्झौताको परिमाण</th><th>कार्य सम्पन्न परिमाण</th><th>बढी कार्य परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>२</td><td>१८८.२३</td><td>२२४.६७</td><td>३६.४४</td><td>१००</td><td>३६४४</td></tr>
<tr><td>४</td><td>५७.१५</td><td>७३.९७</td><td>१६.८२</td><td>२०००</td><td>३३६४०</td></tr>
<tr><td>५</td><td>२९.९८</td><td>४९.१७</td><td>१९.१९</td><td>११०००</td><td>२११०९०</td></tr>
<tr><td>६</td><td>१५२.६३</td><td>१७१.५९</td><td>१८.९६</td><td>९०००</td><td>१७०६४०</td></tr>
<tr><td>८</td><td>१३२.७२</td><td>१३५.३७</td><td>२.६५</td><td>१६०००</td><td>४२४००</td></tr>
<tr><td>१७</td><td>१०४६.९८</td><td>११९०.५९</td><td>१४३.६१</td><td>२५०</td><td>३५९०२</td></tr>
<tr><td>२०</td><td>७०.५०</td><td>३६१.३९</td><td>२९०.८९</td><td>३००</td><td>८७२६७</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td></td><td>५८४५८३</td></tr>
</table></td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>नन फाइलर- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफूले बुझाउनुपर्ने मू.अ. कर रकम तथा सो को विवरण स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र बुझाउनुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व विभागको वेब साइटबाट स्थायी लेखा नम्बर (PAN) सर्च गर्दा निर्माण व्यवसायी मू. अ. कर तर्फ २०७८ मार्गदिखि नै नन-फाइलर रहेको पाइयो । कार्यालयले यो वर्ष मू. अ. कर समेत रु.२७५०५८४।० अन्तिम बिल भुक्तानी गरेकोमा सम्बन्धित निर्माण व्यवसायीले कार्यालयबाट लिएको मू. अ. कर समायोजन गरेको समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु.</td><td>३१६४३९</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>ठेक्का नं. ०२/०७८/७९ जनहित मा.वि. को प्राविधिक प्रयोगशालाको भवन निर्माणका लागी २०७९/३/१५ भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी कार्यशक्ति कन्स्ट्रक्सनसँग २०७८/७/५ मा रु.३४,१७,०२९/- को खरिद सम्झौता भएकोमा २०७९/३/२४ मा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मात्र निर्माण कार्य सम्पन्न भएको देखिन्छ । सम्झौतामा तोकिएको म्याद भन्दा ९ दिन ढिला गरी मात्र निर्माण कार्य सम्पन्न गरेको हुँदा नियमानुसार प्रतिदिन रु.१,७०८/- का दरले हुने रु.१५,३७२/- पूर्व निर्धारित क्षतिपुर्ति असुल हुनुपर्ने रु. | १५३७२ |
| ४० | | | **नन्फाइलरः-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । ठेक्का नं. ०४/०७८/७९ मिनि मुस्ताङ्ग पार्क निर्माणका निर्माण व्यवसायीलाई गाउँपालिका पुँजीगत तर्फ भौ.नं.५९/०७९/३/३ बाट रु.२,८६,६५५/- र संघिय शसर्त अनुदानको भौ. नं.४८/०७९/३/२५ बाट रु.२,६४,६१०/- समते जम्मा रु.५,५१,२५६/- मु.अ.कर भुक्तानी गरेकोमा आन्तरिक राजस्व कार्यालयको वेभसाइटमा निज निर्माण व्यवसायी २०७८ मंशिर देखी नन्फाइलर रहेको देखिन्छ । समयमा कर विवरण नबुझाई नन्फाईलर रहेकोले उक्त निर्माण व्यवसायीलाई भुक्तानी भएको मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | ५५१२५६ |
| ४१ | | | **सम्झौता नगरि खरिद कार्य :-** सार्जनिक खरिद ऐन, २०६३ को दफा ५२(१) बमोजिम सार्वजनिक निकायले फूटकर खरिद बाहेक अन्य खरिद गर्दा खरिद सम्झौता गर्नु पर्ने व्यवस्था छ । भौ.नं. ३३/०७८/११/२ बाट सिटिजन फर्निचर ट्रेड लिंक प्रा.लि.लाई फर्निचर खरिद वापत रु. ४,९७,०००/- भुक्तानी गरेकोमा खरिद सम्झौता गरेको देखिएन । खरिद सम्झौता नगरी खरिद कार्य गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ । | |
| ४२ | | | **सक्कल बिल भरपाई :-** सार्वजिनक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । देहायका निर्माण कार्यको रकम भुक्तानी लिंदा खर्च प्रमाणित गर्ने सक्कल बिल भरपाई पेश गरेको देखिएन । खर्च प्रमाणित गर्ने कागजात बेगर भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको रु. | २०१६५८२ |

| भौ.नं. र मिति | कामको विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ४४/०७९/२/१६ | चिमाङ क्युवाङ देखी सोकोघ्युसम्मको बाटो | ८३११७५ | प्रमाणित डोरहाजिरी नभएको |
| ८/०७८/८/१८ | छैरो सिंचाइ योजना | ३०९००० | प्रमाणित डोरहाजिरी नभएको |
| १२/०७८/९/१८ | सम्ले गाउँ संरक्षण तटबन्ध निर्माण | १०९८५० | प्रमाणित डोरहाजिरी नभएको |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१५/०७८/९/२०</td><td>मेल्घ्युङ बस्तिमा स्नान गृह निर्माण</td><td>२९९६७५</td><td>प्रमाणित डोरहाजिरी नभएको</td></tr>
<tr><td>१८/०७८/९/२०</td><td>ठिनी खेतबारी कृषि सडक</td><td>१६५५००</td><td>प्रमाणित डोरहाजिरी नभएको</td></tr>
<tr><td>२५/०७८/९/२०</td><td>कालीगण्डकी नियन्त्रण योजना</td><td>५०९६१०</td><td>प्रमाणित डोरहाजिरी नभएको</td></tr>
<tr><td>९२/०७९/३/२५</td><td>कालीगण्डकी नियन्त्रण योजना</td><td>२३१२००</td><td>प्रमाणित डोरहाजिरी नभएको</td></tr>
<tr><td>९०/०७९/३/२५</td><td>सोलार खरिद</td><td>७५०००</td><td>२४ ट्युव/३०० लिटरको सोलार खरिद गरेकोमा दाखिला नभएको ।</td></tr>
<tr><td>१०८/०७९/३/२६</td><td>दलित भवनमा भाँडाकुँडा र फर्निचर खरिद</td><td>१८५५७२</td><td>चोक्चे, लोबेड, प्रेशर कुकुर लगायतका जिन्सी खरिद गरेकोमा दाखिला नगरेको ।</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२७१६५८२</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>जिन्सी दाखिला :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा जुनसुकै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु, गराउनु पर्ने व्यवस्था छ । गो.भौ.नं.२५७।२०७९/३/२४ बाट पालिकाले गोर्खाली अफ्सेट प्रेस पोखराबाट गाउँ शिक्षा योजना २०० प्रति र प्रोफाइल १५० प्रति छपाई वापत रु.८४९९८/- खर्च लेखेको छ । उक्त सामानहरु कार्यालयको जिन्सी दाखिला गरेर मात्र वितरण गरिनु पर्दछ।</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>भौ.नं. २६६।०७९।३।५ बाट स्वीकृत बार्षिक कार्यक्तम अनुसार २०७९।२।१० देखि २।१३ सम्मको महिला विकास समिति तथा सम्वद्ध संस्थाका पदाधिकारीहरुलाई उद्घघोषण भाषणकला तालिममा पालिकाका कर्मचारी र जनप्रतिनिधीहरुले समेत सहभागी भै स्पाइरल, डटपेन, यातायत लगायत सहभागी भत्ता समेत लिएकोले निजहरुबाट भत्ता रकमको कर कट्टी पश्चातको रकम असूल हुनु पर्ने रु.
<table>
<tr><td>सि नं</td><td>सहभागीको नाम</td><td>भत्ता रकम</td></tr>
<tr><td>१</td><td>श्री मणि वि. क.</td><td>३०२०</td></tr>
<tr><td>२</td><td>श्री बुद्ध हिराचन</td><td>२९२०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ३ \| श्री दुर्गादेवी रसाईली \| २७२०<br>४ \| श्री सुनिता सुन्चौरी \| २७२०<br>\| **जम्मा** \| **११३८०** | |
| ४५ | | | प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि २०७८ को दफा ८ मा लाभग्रही छनौटको लागि माग संकलन गर्ने र दफा ९ मा लाभग्राही छनौट गर्न जिल्ला स्थित कृषि कार्यालय हेर्ने कार्यालय र स्थानी तहले एक समिति गठन गरी सो समितिले छनौट गर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालन भएका कृषि तथा पशु सेवा संग सम्वन्धित कार्यक्रमहरु कार्यविधिमा व्यवस्था भए अनुसारको समितिबाट छनौट भएको देखिदैन । तसर्थ कानुनी व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ। | |
| ४६ | | | **सेवा परामर्श खर्चः** भौ नं८।०७९।३।३० बाट गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आर्थिक सहयोगमा सार्वजनिक सुनुवाई कार्यक्रम क्षमता विकास योजना रणनीति र राजस्व सुधार कार्ययोजनाको लागि माग गरेको र ती योजना तथा रणनीतिहरु परामर्शदाताहरुबाट कार्य सम्पन्न भई प्रतिवेदन समेत प्राप्त भएको र सक्कल बिल गण्डकी प्रदेशमा बुझाएको उल्लेख गरेको छ । गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले प्रदेश लेखा नियन्त्रकमार्फत स्थानीयतहलाई भुक्तानी भएको EFT विवरण लिष्ट अनुसारको रु.१२१३३८३।० रकम प्राप्त गरेको आधारमा खर्च लेखेको छ । उक्त खर्चको सक्कल विल भपाई गण्डकी प्रदेशमा रहेकोले परामर्शदाताहरुलाई भुक्तानी रकममा अग्रीम कर र मूल्य अभिबृद्धि कर कट्टी रकम दाखिला भए नभएको प्रमाण वेगर खर्च लेखेको छ । यस सम्बन्धमा सम्बन्धीत प्रदेश प्रशिक्षण प्रतिष्ठानले सक्कल श्रेस्ता लेखापरीक्षणमा पेश हुनुपर्दछ । | |

| सि नं | कार्यक्रमको नाम | परामर्शदाता।विज्ञहरुको नाम | ठेगाना | खर्च रकम |
|---|---|---|---|---|
| १ | सार्वजनिक सुनुवाई | जियो नेट कनेक्सन प्रा. लि. | कास्की | ९४२६८ |
| २ | क्षमता विकास योजना निमार्ण | कृतज्ञ इन्जिनियरिङ प्रा. लि. | काठमाण्डौ | ४६८८६७ |
| ३ | राजश्व सुधार कार्य योजना | कृतज्ञ ईन्जिनियरिङ प्रा. लि. | काठमाण्डौ | ४६८०६० |
| ४ | लैससास रणनीति निमार्ण | ए टु जेड ईन्जिनियरिङ कन्सल्टेन्सी | कास्की | १८२१८८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा १२१३३८३ | |
| ४७ | | | **कार्य योजना :-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्नता गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने सम्बन्धी व्यवस्था छ । गाउँपालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू मध्ये विपद व्यवस्थापन कार्ययोजना तर्जुमा नगरेको, विपदका कार्यहरूको अनुगमन गरी प्रतिवेदन गरेको पाइएन । गाउँ पालिकाले प्रकोप व्यवस्थापन कोषा रकमबाट राहत वितरणमा रु. ५२५१२९/- र कोभिड-१९ रोकथाम, नियन्तण र व्यवस्थापनमा रु. २५२५५५/- गरी जम्मा रु. ७८०६८४/- खर्च गरेको छ । पालिकाले विपद व्यवस्थापन सम्बन्धी कार्य योजना बनाई खर्च गर्नु पर्दछ । | |
| ४८ | | | **समिति गठनः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष वा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन गरेको छ । ऐनमा तोकिए बमोजिम गठित समितिलाई तोकिएको काम, कर्तव्य र अधिकार कार्यन्वयनमा सक्रिय बनाउनुपर्दछ । | |
| ४९ | | | **भौ नं ४८।२०७८।९।१८ विद्यालयलाई बढी निकासाः** निलगिरी आधारभूत विद्यालयलाई मार्ग र पौष महिनाको तलब भत्ता निकासा गर्दा निकासा छुट भएको भनी रु.६००००।० निकासा गरेकोमा सो अवधिको निकासा गर्न छुट भएको रु.३००००।० मात्र देखिएकोले बढी निकासा भएको रु.३००००।० असुल गर्नुपर्ने रु. | ३०००० |
| ५० | | | **वाल विकास सहजकर्ताको तलबः** आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्यको दफा २१६ मा प्राम्भिक वाल विकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीलाई नेपाल सरकारले निर्धारण गरे बमोजिम रु.१५ हजार न्यूनतम मासिक पारिश्रमिक उपलव्ध गराईने र नेपाल सरकारले मासिक रु.८ हजार उपलव्ध गराउने, नपुग रकम सम्बन्धित स्थानीय तहले व्यहोर्ने उल्लेख छ । कार्यालयले बजेट वक्तव्यमा उल्लेख भएको व्यवस्था विपरित वाल विकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीलाई संघीय सशर्त अनुदानबाट रु.१५०००।० का दरले यो वर्ष | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निम्नानुसार रु.१२६५०००।० निकासा गरेको छ । बजेट वक्तव्यमा उल्लेख भएभन्दा विपरित हुने गरी संघीय सशर्त अनुदानबाट बढी निकासा दिएको रु.५९०२४९।० असुल हुनुपर्ने रु. | ५९०२४९ |

| भौ न र मिति | अवधि | भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|
| ३७।०७८।९।१४ | मार्ग र पौष | ३९८००० | १८५७०७ |
| १३३०७९।३।२२ | चौथो त्रैमासिक | ८६७००० | ४०४५४२ |
| **जम्मा** | | **१२६५०००** | **५९०२४९** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | संघीय सशर्त अनुदान शिक्षातर्फको कार्यक्रमको कम्पोनेन्ट नं.७.१.३.१३ मा शिक्षणमा आईसिटि प्रयोग अनुदान अन्तर्गत गाउँपालिकाको निर्णयनुसार छैरो आधारभूत विद्यालयलाई रु.३२५०००।० र ढुम्बा आधारभूत विद्यालयलाई रु.३२५०००।० अनुदान दिएकोमा ती विद्यालयले अनुदान निकासाबाट खरिद गरेका कम्प्युटर तथा सो संग सम्बन्धित सामाग्रीहरु जिन्सी दाखिला गरी विद्यालयको प्रयोजनमा प्रयोग भएको प्रमाणित हुने प्रमाण कागजात पेश नभएकोले प्रमाण कागजात पेश हुनुपर्ने रु. | ७५०००० |
| ५२ | | | **चाडपर्व खर्चः** कार्यरत शिक्षकहरुलाई चाडपर्व खर्च निकासा गर्दा ६ महिना सेवा पूरा गरेको हुनुपर्दछ । जनहित माध्यमिक विद्यालयमा कार्यरत निम्नानुसारका शिक्षकहरु २०७८ भाद्र ३० मा नियुक्त भएकोमा आफूले मान्नुपर्ने चाडपर्व घोषणा नगरेको अवस्थामा चौथो त्रैमासिकको तलब भत्ता भुक्तानी गर्दा निकासा गरेको देखिएकोले उक्त चाडपर्व खर्च निकासा पाउने आधार पेश हुनु पर्दछ । | |

| शिक्षकको नाम | भुक्तानी रकम |
|---|---|
| कालु नेपाली | ३०२०० |
| सूर्यप्रसाद बास्तोला | ४२३८० |
| रवि गौचन | ३७९९० |
| हेमन्तकुमार तिलिजा | ३७९९० |
| **जम्मा** | **१४८५६०।०** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td></td><td></td><td>विद्यालयलाई बढी निकासाः विद्यालयबाट मार्ग र पौष महिनाको तलब भत्ता निकासा माग गर्दा पालिकाबाट विद्यालयले माग गरेभन्दा निम्नानुसार बढी भुक्तानी गरेको देखिएकोले बढी निकासा भएको रु.१०७१७५।० असुल गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>माग गरेको रकम</th><th>निकासा गरेको रकम</th><th>बढी निकासा</th></tr>
<tr><td>छैरो आधारभूत विद्यालय</td><td>२५०१९०।२०</td><td>२८०१९०।२०</td><td>३००००।०</td></tr>
<tr><td>मुक्तिनमूना आधारभूत विद्यालय</td><td>४६६६५८।००</td><td>५१३८३३।००</td><td>४७१७५।०</td></tr>
<tr><td>नमूना आधारभूत विद्यालय</td><td>५३५७२२।४०</td><td>५६५७२२।४०</td><td>३००००।००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१०७१७५।००</td></tr>
</table></td><td>१०७१७५</td></tr>
<tr><td>५४</td><td></td><td></td><td>कार्यविधि अनुसार सञ्चालन हुने कार्यक्रमहरुमा पालिकाले ७५ प्रतिशत अनुदान दिई २५ प्रतिशत उपभोक्ता लाभग्राही समूहले व्यहोर्ने व्यवस्था छ । तर कार्यालयले यस्ता कार्यक्रमहरुमा ८० प्रतिशत अनुदान दिएकोले बढी अनुदान दिएको निम्नानुसारको रु.११२५००।० असुल हुनुपर्ने रु.
<table>
<tr><th>उपभोक्ता लाभग्रहीको नाम</th><th>सम्झौता रकम</th><th>७५ प्रतिशतले हुने</th><th>अनुदान</th><th>बढी अनुदान</th></tr>
<tr><td>मार्फा पोम्क्यू कृषक समूह</td><td>७५००००</td><td>५६२५००</td><td>६०००००</td><td>३७५००</td></tr>
<tr><td>ठिनी मिलिलजुली कृषितथा पशुपंक्षी पालन कृषक समूह</td><td>१५०००००</td><td>११२५०००</td><td>१२०००००</td><td>७५०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>११२५००</td></tr>
</table></td><td>११२५००</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम: स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरूमा बाटो मर्मत खानेपानी मुहान सरसफाई, सिँचाइ पोखरी मर्मत लगायतका कार्यमा यस वर्ष</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ८७ जनालाई रोजगारी उपलव्ध गराई रु.५२६००००।० खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |
| ५६ | | | **नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट जारी भएको कर्यक्रम कार्यान्वयन निर्देशिका २०७८ को बुँदा नं. ९.१२ मा विद्यालयलाई स्वीकृत गुरुयोजनाका बधारमा निर्माण गरिएको वार्षिक कार्यान्वयन योजना अनुसार शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधार, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम सर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि विनियोजित बजेटको कार्य प्रगति सहित आवश्यक बजेट सहितको प्रस्ताव विद्यालयबाट पेश गर्न लगाउने र यस वर्ष सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी रु.५० लाख अनुदान उपलव्ध गराई सम्झौता अनुसार काम गरे नगरेको नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रमा पठाउने व्यवस्था रहेको छ ।<br>उल्लेखित व्यवस्था अनुसार यो कार्यक्रम अन्तर्गत पालिकाले यो वर्ष रु.५० लाख अनुदान निकासा गरेको छ । तर यस वर्ष सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता हुनुपर्ने तथा सम्झौता अनुसार काम गरे नगरेको नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रमा पठाउने व्यवस्था रहेकोमा यस वर्ष सम्पादन गर्ने कार्यक्रमको पालिका र विद्यालयबिच सम्झौता भएको नदेखिएको तथा नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रमा पठाएको समेत नदेखिदा यसरी निकासा गरेको रकम निर्धारित कार्यक्रममा खर्च भई विद्यालयको शैक्षिक सुधारमा उल्लेख्य प्रगति भएको छ भनी यकिन गर्न नसकिएको हुँदा स्वीकृत निर्देशिका बमोजिम कार्य भएको प्रमाण पेश हुनुपर्ने रु. | ५०००००० |
| ५७ | | | **सामाजिक सुरक्षातर्फ :**<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ ले लाभग्राहीको फोटो सहितको नाम दर्ता र नवीकरण लगत कट्टा भत्ता वितरण लगायत कार्यविधिमा व्यवस्था गरे अनुसार पालिकाले चौमासिक रुपमा भत्ताको भुक्तानी गरि सक्नु पर्ने व्यवस्था भएको छ । पालिकाले प्रथम चौमासिक निकासाको रकम मंसीर १२ गते, दोश्रो फागुण २ गते, तेश्रो ०७९ बैशाख २२ गते र चौथो आषाढ २८ गते निकासा गरेको छ। पालिकाले कार्यविधिले तोकिएको समयमा नै लाभग्राहीलाई भत्ता वितरण गर्नु पर्दछ । यस वर्ष पालिकाले रु.१५३८००६७।० खर्च लेखेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् । | |
| ५७.१ | | | **नवीकरण** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७७ को दफा ४ मा पालिकाले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरीरहेका लाभग्राहीको नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षमा कार्तिक मसान्तभित्र लाभग्राहीको नविकरणको अभिलेख अनिवार्य रुपमा प्राणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले नविकरण गर्नेतर्फ ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७.२ | | | **सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा ३५ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख गरेको छ । पालिकाले कार्यविधि अनुसार सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको पाइएन । | |
| ५७.३ | | | **पारदर्शिताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा ३३(घ) बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम वर्णानुक्रममा फोटो सहितको नाम नामेसी व्यक्तिगत परिचय पत्र नम्बर, नागरिकता नम्बर बैंक खाता नम्बरमा जम्मा भै सम्बन्धित लाभग्राहीले बुझे नबुझेको र बैंकमा बांकी रहेको रकम सहितको स्थानीय तहले पारदर्शिता प्रवद्धनका लागि आफ्नो वेभ साइटमा राख्ने व्यवस्था भए बमोजिम पालिकाले राखेको पाइएन । | |
| ५७.४ | | | सामाजिक सुरक्षा कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न नियमित रुपमा अनुगमनको व्यवस्था रहेको छ । सो बमोजिम पालिकाले लाभग्राहीले पाउनु पर्ने भत्ता रकम अन्य व्यक्तिले लिए नलिएको, कसैले दोहोरो हुने गरी र लाभग्राही मृतक भै बैंक खातामा बांकी रहेको रकमको फिर्ता भए नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । जस्ले गर्दा सामाजिक सुरक्षा भत्ता रकमको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउने तर्फ ध्यान जानु पर्ने देखिन्छ । | |
| ५७.५ | | | सामाजिक सुरक्षा भत्ता वितरणको लागि वैकमा निकासा गरेको रकमको विभिन्न कारणले निष्क्रियमा रहेको पाकिंग एकाण्टमा मौज्दात रकम समयमा फिर्ता लिन पालिकाले चौमासिक निकासा समाप्त भै अर्को चौमासिक निकासा दिनु अगावै बांकी रहेको रकम फिर्ता लिई हिसाव मिलान गरेको विवरण लिनु पर्दछ। आर्थिक वर्षको अन्त्यमा बैंकमा रहेको रकम फिर्ताका लागि पत्राचार गरी बांकी रकम फिर्ता लिई समयमै सघीय संचित कोषमा दाखिला गरी हिसाव मिलान नगरेकोले बाकी रकम सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ५८ | | | **परामर्श खर्चः** सार्वजनिक खरिद ऐन २०६३ को दफा २० बमोजिम सार्वजनिक निकायले सम्बन्धित सार्वजनिक निकायले उपलव्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा दातृपक्षसंगको सम्झौता बमोजिम बैदेशिक सहायता श्रोतबाट व्यहोर्ने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नु पर्ने भएमा त्यस्ता अवस्थामा कुनै व्यक्ति फर्म संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था गरेको छ । पालिकामा ७ जना अधिकृतस्तरका कर्मचारीहरु मौजुदा हुंदा पनि कर्मचारी संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण कार्यको लागी ३ वटा दररेट माग गरी सबै भन्दा घटी कबोल गर्ने कृतज्ञ इन्जिनियरिङ्ग प्रा लि काठमाण्डौंबाट कार्य गराई रु.२९९९९८।०५ खर्च लेखेको छ ।उक्त ओ एण्ड एम प्राप्त प्रतिवेदन स्वीकृत गराई सोहि अनुसार कार्यान्वनमा ल्याउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | पाँच वर्षीय गुरुयोजनाको डिपिआर परामर्शदाताबाट तयार भई विद्यालयको भौतिक पूर्वाधारको लागत अनुमान रु.८९४१८७६९।०५ रहेको र विद्यालयको भौतिक पूर्वाधारसंगै विद्यालय सुधारका विभिन्न योजनाहरु रहेकोमा गाउँपालिकाले ब्वाईज होस्टेलको ठेक्का व्यवस्थापन मात्र गरेको छ । पाँच वर्षीय गुरुयोजना नै स्वीकृत नभई ठेक्का सम्झौता गर्ने कार्य औचित्यपूर्ण देखिदैन। | |
| ६० | | | ब्वाईज होस्टेल निर्माणका लागि निर्माण व्यवसायीसंग २०७९।७।३ मा निर्माण सम्पन्न गर्ने गरी २०७८।१।३ मा रु.२८७३८८२५।० को सम्झौता भएको छ । निर्माण व्यवसायीले २०७९ असोजमा कार्यसम्पन्न गर्ने गरी निर्माण कार्यतालिका पेश गरेको छ । विद्यालयले सशर्त अनुदानको रकमको लेखा व्यवस्थापन दोहोरो लेखा प्रणालीमा लेखाङ्कन गरेको देखिदैन । प्राविधिकबाट प्राविधिक नाप जाँच गरी रनिङ्ग बिल भुक्तानीका लागि विद्यालयमा टिप्पणी आदेश पेश गरेकोमा उक्त टिप्पणी आदेश स्वीकृत भएको छैन । विद्यालयले रनिङ्ग बिल भुक्तानी गर्दा प्राविधिकबाट प्राविधिकबाट पेश भए बमोजिम अग्रिम कर कट्टी, धरौटी कट्टी, ३० प्रतिशत मू अ कर कट्टी, मोबिलाईजेशन पेश्की फर्सयौट गरी निर्माण व्यवसायीको कर बीजक र ठेक्का बिल बमोजिम गोश्वारा भौचर उठाई विभिन्न रकम कट्टी गरी खुद भुक्तानी पाउने रकम मात्र बैंक क्रेडिट गर्नुपर्नेमा सो अनुसार नगरी एकमुष्ट रकम बजेट खर्च लेखी सोही रकम बैंक क्रेडिट गरेको छ । विद्यालयले यसरी तेस्रो रनिङ्ग बिलसम्म भुक्तानी गर्दा के कति अग्रिम कर कट्टी, धरौटी कट्टी, ३० प्रतिशत मू अ कर कट्टी, मोबिलाईजेशन पेश्की फर्सयौट र निर्माण व्यवसायी कोष कट्टी गरेको छ भन्ने विद्यालयको लेखा व्यवस्थापनबाट यकिन हुन नसक्ने हुँदा स्वीकृत लेखा प्रणाली बमोजिम लेखा व्यवस्थापन गरी यो वर्ष निकासा भएको रु.१०००००००।० र गत विगत वर्षमा निकासा भएको रु.३९७४१६०६।५० समेतको लेखा व्यवस्थापन गरी प्रमाण कागजात पेश हुनुपर्ने रु. | १००००००० |
| ६१ | | | पाँच वर्षीय गुरुयोजना अनुसार भौतिक पूर्वाधारतर्फ अडीटोरियम, ब्वाईज होस्टेल, गर्ल्स होस्टेल, क्यान्टीन, जग्गा व्यवस्थापन खानेपानी लगायतका शिर्षकको लागत अनुमान रु.८९४१८७६९।०५ रहेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सशर्त अनुदानको लागि बजेट व्यवस्था गरे बमोजिम गाउँपालिकाले २०७६।७७ मा रु.१५००००००।०, २०७७।७८ मा रु.१४७४१६०६।५० (मोबिलाईजेशन पेश्की रु.५० लाख समेत) र २०७८।७९ मा रु.१०००००००।० समेत हालसम्म रु.३९७४१६०६।५० निकासा दिएको छ ।<br>ब्वाईज होस्टेल निर्माणको लागि गुरुयोजनामा मू अ कर समेत रु.२७४७०१८२।३८ को लागत अनुमान रहेकोमा गाउँपलिकाले रु.३००९०७४३।०३ को लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन मार्फत हरि।शन्त जे भी संग रु.२८७३८८२५।४५ सम्झौता गरेको छ । गुरुयोजनमा उल्लेख भएको भन्दा बढी हुने गरी लागत अनुमान तयार गरेकोले विद्यालयको समग्र भौतिक पूर्वाधार अधुरो रहने अवस्था देखिन्छ । यस सम्वन्धमा सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **अनुत्पादक खर्च**– सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नु पर्ने उल्लेख छ । पालिकाले कार्यालयको वृतचित्र निर्माण गर्न वुम इन्टरनेशनल काठमाण्डौसंग २०७९ बैशाख मसान्तमा सम्पन्न गर्ने गरी सम्झौता गरेको छ । सम्झौताको शर्त बमोजिम कार्य शुरु गरे पश्चात मात्र ४० प्रतिशतले हुने प्रथम किस्ता दिनु पर्नेमा कार्य शुरु नै नगरी रु.२०००००।० पेश्की दिएको र तोकिएको समयमा कार्य सम्पन्न नगरी ०७९।२।९ मा मात्र सम्पन्न गरी रु.४९६०७०।० खर्च लेखेको छ । यसरी अनुत्पादक प्रयोजनमा हुने रकम खर्च गरेकोले खर्च नियन्त्रण गर्ने तर्फ ध्यान जानु पर्ने देखिन्छ। | |
| ६३ | | | **बैठक भत्ताः** अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका २०७५ खर्चको मापदण्ड सम्बन्धी निर्णय तथा कार्यविधि को दफा ७ १ १ बैठक भत्ता दिने आधारहरुको स्पष्ट विषयबस्तु र कार्ययोजना वेगर बस्न नपाइने बैठक कार्यालय समय अघि वा पछि हुनु पर्ने एउटै निकाय र अन्तर्गतका पदाधिकारी तथा कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने उल्लेख गरेको छ । पालिकामा विभिन्न मितिमा खरिद इकाई र जलवायू अनुकलनमा आपतकालिन संचालन समितिको बैठक बस्दा निर्देशिकाको आधारहरुको पालना नगरी प्रति बैठक जनहि रु.१०००।० का दरले बैठक भत्ता वापत रु.९००००।० खर्च गरेको छ । निर्देशिका अनुसार बैठक भत्ता भुक्तानी गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६४ | | | **कर्मचारी प्रोत्साहन भत्ताः** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। गाउँ कार्यपालिकाले कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता लागू गर्ने सम्बन्धी कार्यविधि, २०७६ जारी गरेको छ । यो वर्ष विभिन्न पदका 51 कर्मचारीहरुलाई रु.१५०८000।० प्रोत्साहन भत्ता वितरण गरेको छ । पालिकाले कार्यविधिले तोकेबमोजिमका सुचकहरुको कर्मचारी वाइजको अभिलेख अद्यावधिक गरेको छैन । यसरी स्थानीय तहले कानून नबनाई कार्यपालिकाको निर्णय अनुसार प्रोत्साहनभत्ता खर्च गरेको कारण थप व्ययभार परेको देखियो । यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ । | |
| ६५ | | | **करार सुविधा र स्थानीय भत्ता :** <br> ..........*(प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०७९।१२।१४ को निर्णयबाट रु.७३,८०० ।- सम्परीक्षण गरिएको ।)* | ० |
| ६६ | | | **नन फाइलर**- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफूले बुझाउनुपर्ने मू.अ. कर रकम तथा सो को विवरण स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र बुझाउनुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व विभागको वेब साइटबाट | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थायी लेखा नम्बर (PAN) सर्च गर्दा निर्माण व्यवसायी मू. अ. कर तर्फ २०७८ असोजदेखि नै नन-फाइलर रहेको पाइयो । प्राविधिकको टिप्पणी अनुसार यो वर्ष मू. अ. कर समेत रु.१७६२०१८८।४० को रनिङ्ग बिल भुक्तानी गरेकोमा सम्बन्धित निर्माण व्यवसायीले कार्यालयबाट लिएको मू. अ. कर समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु. | २०२७१०१ |
| ६७ | | | **सुरक्षित नागरिक आवास कार्यक्रम** अन्तर्गत पहिलो किस्ता वापत रु.३००००।० उपलव्ध गराएका फुल कुमारी हिराचनले सम्झौता बमोजिम कार्य नगरी दोस्रो किस्ता भुक्तानी नलिएकोले पहिलो किस्ता वापत लिएको रु.३००००।० असुल गर्नुपर्ने रु. | ३०००० |
| ६८ | | | **मोबिलाइजेन पेश्कीको बैंक जमानतः** पालिकाले निर्माण व्यवसायीलाई कृषि विकास बैंकको रु.२० लाखको २०७८।१२।१९ सम्म र रु.३० लाखको २०७९।२।२७ सम्म मान्य अवधि भएको बैक जमानतको आधारमा रु.५००००००।० मोबिलाइजेशन पेश्की दिएको छ । निर्माण व्यवसायीलाई तेस्रो रनिङ्ग बिल भुक्तानी गर्दासम्म पेश्की फस्योंट गरी के कति पेश्की बाँकी रहेको छ अभिलेखबाट नदेखिएको र बैंक जमानतको मान्य अवधि समाप्त भएको अवस्थामा निर्माण व्यवसायीसंग रहेको मोबीलाइजेन पेश्की जोखिमपूर्ण रहेकोले बैंक जमानतको अवधि थप गर्ने अन्यथा मोबीलाइजेन पेश्की असुल गर्नुपर्ने रु. | ५०००००० |
| ६९ | | | **पेश्की बाँकी :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फस्योंट गर्ने व्यवस्था रहेको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार गत विगत वर्षमा बिभिन्न निर्माण व्यवसायीलाई दिएको पेश्की मध्ये रु. ४२,१५,१९५/-/- फर्छ्यौट हुन बाँकी रहेको देखिएको छ भने चालु आर्थिक वर्षमा गाउँपालिका भवन निर्माण वापत निर्माण व्यवसायी सानु कन्स्ट्रक्सनलाई दिएको पेश्की रु. ७,४०,०००/- फर्छ्यौट हुन बाँकी रहेको देखिन्छ । फछ्यौंट गर्न बाँकी रहेको पेश्की नियमावलीको व्यवस्था अनुसार फछ्यौंट गर्नुपर्दछ । | |